# सहकारी नियमन र प्रवर्द्धन : सैद्धान्तिक अवधारणा र अभ्यासको अवस्था



गोपीनाथ मैनाली*

## विषय प्रवेश

कुनैपनि संस्था सञ्चालनका निश्चित आधार हुने गर्दछन् । सम्बद्ध विषयमा भएको अवधारणा विकास, तथा अवधारणाले स्थापित गरेका सिद्धान्त र मान्यताहरु संस्था सञ्चालनका सैद्धान्तिक आधार हुन् । सिद्धान्तमा भएका कुरालाई बाध्यकारी बनाई संस्थाहरुलाई नियमित गर्न त्यससम्बन्धी कानूनको व्यवस्था गरिएको हुन्छ । आवश्यकताका आधारमा कानूनका व्याख्या र विश्लेषण पनि गरिन्छ । समयको अन्तरालमा कानूनलाई परिमार्जन र परिवर्तन पनि गरिन्छ । किनकि संस्थाहरु समय- र समाज-निरपेक्ष रहँदैनन्, गतिशील हुन्छन् ।

सहकारी नियमन र प्रर्वद्धनका विषयमा प्रवेश गर्नुअघि सहकारी नै के हो भन्नेमा छोटो प्रकाश पार्नु उचित हुन्छ । संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवम् आकाङक्षा पूरा गर्न स्वेच्छाले एकताबद्ध व्यक्तिहरुबाट स्थापित सङ्गठन सहकारी हो । सदस्यहरु आफ्ना लागि आफै गर्न सहकारीमा आबद्ध भएका हुन्छन्, त्यसैले यो सदस्यहरुको व्यवसाय हो । आर्थिक व्यवसाय र उद्यमहरु व्यक्तिगत, कम्पनीका रुपमा र सामूहिक हितका लागि गर्न सकिन्छ । वैयक्तिक उद्यमशीलता र कम्पनीका बजारवादी सिद्धान्तबाट पृथक् भै सहकारी व्यवसाय सामूहिक हित र समान आवश्यकता पूरा गर्न केन्द्रित हुन्छ । आत्म-सहयोग, स्वयम्-जवाफदेहिता, लोकतान्त्रिक व्यवस्थापन, समानता, न्याय र ऐक्यबद्धता जस्ता मूल्यहरु सहकारी व्यवसायका आधार हुन् । त्यसैले सहकारी आफ्नो इच्छाको संस्था, आफ्नो क्षमताको व्यवसाय र आफ्नो भावनाको अभियान हो । मिहेनत र परिश्रम, सहकार्य र समपर्ण सहकारीका गुण हुन्, जसका आधारमा सहकारी सामाजिक जीवन पद्धति बन्न सक्छ ।

## सहकारी नियमन र प्रवर्द्धनलाई कसरी बुझ्ने ?

नेपालका सहकारीको नियमन र प्रवर्द्धनका सन्दर्भमा सहकारी ऐन, २०७४ का प्रावधानहरु नै सारवान् कानून हुन्, जसलाई बाध्यात्मक रुपमा अपनाउने दायित्व सहकारी संघ-संस्थाको हुन्छ । अर्को अर्थमा सहकारी संघ-संस्था जन्मने र हुर्किने आधार यही कानूनले दिएको छ । यो कानून विश्व सहकारी आन्दोलनले अवलम्वन गरेका सहकारीका सिद्धान्त र मूल्यबाट अनुप्राणित छ भने हाम्रो अभ्यासबाट पनि परिमार्जित र प्रभावित छ । विश्व सहकारी अभियानका मूल्य र सिद्धान्तबाट निर्देशित र राष्ट्रिय कानूनबाट

*नीति विश्लेषण, व्यवस्थापन तथा सुशासनमा सुपरिचित श्री मैनाली नेपाल सरकारका पूर्व सचिव/पूर्व महालेखा नियन्त्रक हुन् ।

नियमित हुनु सहकारी संस्थाहरुको व्यावसायिक आचरण हो । प्रदेश तथा स्थानीय तहबाट तर्जुमा गरिने कानूनको आधार स्रोत पनि यही ऐन हो, किनकि सरकारका तहहरुले बनाएका कानूनहरु सङ्घीय ऐनका भावना प्रतिकूल रहन नसक्ने र सङ्घीय ऐनसँग बाझिएमा बाझिएजति स्वतः शून्य हुन्छन् ।

सिद्धान्त तथा मूल्यहरु मार्गदर्शक रुपमा रहने भएकोले सारवान् कानूनले नै यसको विस्तृत कार्य आचरण र अनुशासनका आधार दिने गर्दछ । सहकारी ऐन, २०७४ ले सिद्धान्त तथा मूल्यहरुको विस्तृतीकरण गरी त्यसलाई राष्ट्रिय मूल्य दिएको छ । जस्तो कि सहकारी संस्था केलाई भन्ने, संस्थाहरुको दर्ता कहाँ गर्ने, दर्ता गर्दा के कस्ता आधार अपनाउने, सदस्य संख्या एवम् संरचना र कार्यक्षेत्र कस्तो हुने, संस्था सञ्चालनको मापदण्ड के हुने, विशिष्टीकृत सङ्घ गठन गर्दा कस्तो आधार लिने, सहकारी संस्थाको कार्यक्षेत्र निर्धारण, एकीकरण र विभाजनमा के कस्ता आधार लिने, संस्थाको मुख्य कारोवार केलाई मान्ने, संस्थाले के कस्ता क्षेत्रमा लगानी गर्न पाउने, सन्दर्भ ब्याजदर निर्धारण कसरी गर्ने, संस्था समस्यामा पर्नबाट कसरी जोगाउने, समस्याग्रस्त सहकारी व्यवस्थापन कसरी गर्ने, संस्थाको वर्गीकरण कसरी गर्ने, कर्जा सूचना केन्द्र कसरी सञ्चालनमा ल्याउने, विभिन्न कोषहरु (स्थिरीकरण, प्रवर्द्धन, कर्जा सुरक्षण कोष, संरक्षित पूँजी फिर्ता कोष, आदि) को व्यवस्थापन र परिचालन कसरी गर्ने, संस्थाका विभिन्न संरचना (साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य समिति, लेखा परीक्षक, व्यवस्थापन समूह, आदि) को भूमिका के हुने, संस्थामा आन्तरिक नियन्त्रण र संस्थागत सुशासन कसरी कायम गर्ने लगायतका विषयमा सहकारी ऐनले स्पष्ट उल्लेख गरेको छ ।

ऐनको आशय तथा प्रावधानहरुको व्याख्या तथा कार्यविधिगत विस्तृतीकरण नियमावली, निर्देशिका, कार्य मानदण्ड जस्ता कार्यकारी आदेशबाट भएका छन् । नियमित रुपमा गर्नुपर्ने काम र विशेष अवस्थामा रजिष्ट्रार र निजको अधिकार प्रयोग गर्ने नियामक पदाधिकारीले दिएका निर्देशनहरु पनि सहकारी नियमन तथा प्रवर्द्धनका अभिन्न भाग हुन् ।

सहकारी नियमनमा मूलतः नियामक निकायको भूमिका रहन्छ । सहकारी विभागको रजिष्ट्रार नै नियामक हो । मुलुक सङ्घीय लोकतन्त्रको अभ्यासमा रहेकाले सहकारीको प्रशासन (नियमन, प्रवर्द्धन र प्रशासन) तीनै तहका सरकारले गर्ने गरी कानूनी एवम् संवैधानिक व्यवस्था छ । त्यसैले सहकारी रजिष्ट्रारको अधिकार प्रयोग गर्ने प्रदेश सरकार तथा स्थानीय तहका प्रमुखहरु पनि नियामक हुन् । संविधानतः नियमनको नीति तथा मापदण्डको भूमिकामा संघीय सरकारलाई राखिएकोले संघीय कानून र संविधानको सीमामा रहेर तहगत सरकारले नियमन अभ्यास गर्दछन् । आ व २०७९/८० को बजेट बक्तव्यमा दोस्रो तहको नियमक निकाय (सेकेण्ड टियर रेगुलेटरी इन्स्टिच्यूसन) को घोषणा गरिएको थियो । चालू आर्थिक बर्ष २०८०/८१ को बजेट बक्तव्यमा पनि नियमन प्रभावकारिताका लागि दोस्रो तहको संयन्त्र चाहिने सङ्केत गरिएको छ, तर यसको कार्यविधि बनिसकेको छैन । यो सङ्केतबाट लामो समयदेखि माग भैरहेको सहकारी नियमनको दोस्रो तर स्वायत्त नियमनकारी संरचनाको आवश्यकता पूरा होला कि भन्ने आशा पलाएको छ । तर अर्कोतर्फ संरचना मात्र थपेर के गर्ने, व्यावसायिक सक्रियता देखाउन नसके सहकारी अभियानप्रति झनै सन्देह रहने संभावना पनि उत्तिकै छ । सङ्घीय बजेटले मात्र होइन, सबैजसो प्रदेश तथा स्थानीय तहको चालू आर्थिक बर्षको नीति कार्यक्रम र बजेटमा सहकारीलाई व्यवस्थित गर्ने दृष्टिकोण अघि सारिएको छ । प्रतिदिन सहकारीहरु समस्याग्रस्त बन्दै जाने, सञ्चालकले सदस्य भावनालाई संवोधन

नगर्ने, सहकारी संस्थामा प्रभुत्वशाली व्यक्तिहरुको मात्र बोलवाला भै स्व-नियमन, सदस्य-केन्द्रीयता र साझा बन्धनको भावना कमजोर बन्दै गएको कारणले सबै तहका सरकारले नियमन प्रभावकारिताका लागि जोड दिएका हुन् ।

सरल अर्थमा बुझ्दा सहकारीका मूल्य सिद्धान्त, कानूनका व्यवस्था, मानक र विधिहरुको परिपालन गरिएको छ कि छैन भनेर नियमित वा आकस्मिक रुपमा गरिहने निरीक्षण, अवलोकन, जाँचबुझ, अनुसन्धान र प्रतिवेदनको काम नियमन हो । यसभित्र संस्थाका दर्ता, गठन, विघटन, सङ्घटन, एकीकरण, विभाजन, क्षेत्र विस्तार, कार्यवाही लगायतका प्रशासनिक कुराहरुसमेत पर्दछन् भने प्रवर्द्धनभित्र सहकारी अभियानलाई प्रोत्साहन, शिक्षा, क्षमता विकास तथा कार्य सहजीकरणका कामहरु पर्दछन् ।

नियमनको शुरुवात संस्था दर्तादेखि नै हुन्छ । संस्था दर्ता गर्दा कानूनले तोकेको आधार पूरा गरिएको छ छैन, सदस्य संरचना तथा पूँजी संरचना के कस्तो छ, सदस्यहरुमा सहकारी शिक्षाको जानकारी छ छैन, कार्यक्षेत्र के कति हुने हो र संस्थाको विनियममा लेखिएका कुराहरु कानूनसम्मत प्रस्ताव गरिएका छन् छैनन् भन्ने कुरा दर्ता चरणमा हेरिन्छ ।

एकपटक दर्ता भएका संस्थाहरु पुनर्गठन हुन सक्छन् । संस्थाको कार्यक्षेत्र विस्तार वा सङ्कुचन हुन सक्छ । संस्था एकीकारण वा विभाजन हुन सक्छ । यी कुराहरु पुनर्गठन अन्तर्गत पर्दछन् । कानून तथा कार्यविधिले तोके अनुरुप पुनर्गठन गर्ने काम पनि नियमन हो ।

नियमनको अर्को काम अनुगमन हो । अनुगमनलाई विस्तृत रुपमा लिंदा यो अवलोकन र विवरणको सङ्कलन मात्र होइन, न निरीक्षण/सुपरिवेक्षण नै हो । संस्थाको क्रियाकलापको विस्तृत अध्ययन र संस्थालाई क्रियाकलाप सञ्चालन गर्दा आइपरेका सामान्य बाधा-अवरोधहरुको सहजीकरण गर्नु अनुगमन हो । अनुगमन स्थलगत/गैर-स्थलगत रुपमा गर्न सकिन्छ, सघन र नियमित पनि हुन सक्छ । साथै नियमनभित्र सुपरिवेक्षण पनि पर्दछ ।

नियामक निकयबाट दिइएका वा नीति तथा कानूनमा भएका व्यवस्थाहरुको संस्थाले के कति परिपालन गरेको छ, वित्तीय तथा कार्य-मानदण्डको पालन के कति भएको छ, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विषयको अवलम्वन भएको छ छैन भन्ने लेखाजोखा गर्नु नियमनको अर्को पाटो हो ।

नियमनकै अभिन्न भागका रुपमा संस्था वा पदाधिकारीका विरुद्ध सदस्यबाट भएका गुनासो, गुनासो संबोधनका लागि भएका प्रयासको पर्याप्तता, सदस्य र पदाधिकारीको आचरणका विषय समेत समेटिन्छन् ।

सहकारी संस्था आपसी सहकार्य, साझा बन्धन र प्रतिफलको समान विभाजनमा क्रियाशील रहन्छ । सदस्य केन्द्रीयता यसको मुटु हो भने साझा हित यसको साध्य । यी कुराहरुको अभ्यास कसरी भएका छन्, अभ्यासको स्तर कस्तो छ भन्ने चित्र उतार्नु र सुधारको मार्ग प्रशस्त गर्नु पनि नियमनको काम हो ।

संस्थाका प्रतिवेदन पनि नियमनका विषयवस्तु हुन् । संस्थाले आवधिक र नियमित रुपमा सदस्य, साधारण सभा, समिति, नियामक निकाय र विशेष अवस्थामा नीति/निगरानी निकायमा प्रतिवेदन गर्नुपर्दछ । प्रतिवेदनले पारदर्शिता र वैधता बढाउँछ । प्रतिवेदनको संरचना र स्वरुप नियामक निकायले नै तोकिदिएको हुन्छ ।

नियमनको अन्तिम काम वा उद्देश्य संस्थालाई नीति नियमको परिपालनको स्थिति मजवुत बनाइ संस्थाको छवि सुधार्नु हो । व्यवसाय विस्तार र सदस्य हित कायम गर्नु हो । यस क्रममा कानूनी उपचारसम्मको कार्यक्षेत्र नियामकले लिनुपर्दछ ।

सहकारीको प्रर्वद्धन चाँहि सहकारी अभियानलाई प्रोत्साहन गर्नु हो । व्यवसाय सञ्चालन, विकास र विविधीकरणमा टेवा दिनु हो । नियमन केही नकारात्मक संयन्त्र पनि प्रयोग गर्दछ, तर प्रवर्द्धन प्रोत्साहन, सहजीकरण, क्षमता विकास, समन्वय र शिक्षासम्म फैलिन पुग्छ । नियामक निकायबाट यी कार्यमार्फत सहकारी प्रवर्द्धन गरिन्छ :

- सहकारी शिक्षा र सहकारी विचारको सञ्चार
- प्राथमिकताका क्षेत्रमा कार्य सहजीकरण
- प्रवर्द्धनकारी निकायबीच साझेदारी विकास
- वित्तीय टेवा परिचालन र सहुलियत
- साङ्गठनिक पुनःसंरचना र पुनर्गठनमा सहयोग
- अध्ययन, अनुसन्धान र अन्वेषण
- अभिभावकत्व र संरक्षण ।

प्रवर्द्धनको अभिन्न कार्यका रुपमा तालीम तथा क्षमता विकासका कामहरु पनि स्वतः समेटिन आउँछन्, किनकि व्यावसायिकता विकासका लागि क्षमता विकास पूर्वशर्त हो, व्यावसायिक क्षमता विकास पछि मात्र सदस्य हित प्रवर्द्धन गर्न सकिन्छ । नियामक निकाय भनिएता पनि नियामकहरु प्रवर्द्धनका कामबाट अलग रहन सक्दैनन् । नियमन र प्रवर्द्धन एकै सिक्काका दुई पाटा हुन् । त्यसैले यी कार्यहरु समेत सम्पादन गरेर नियामकहरु प्रवर्द्धक बन्ने गर्दछन् :

- शैक्षिक तथा प्रशिक्षण सामग्री विकास,
- प्रशिक्षण आवश्यकता पहिचान
- सदस्य शिक्षा, नेतृत्व तथा व्यवस्थापन विकासका विभिन्न प्रशिक्षणहरु
- प्रशिक्षक प्रशिक्षण
- प्रशिक्षण कार्यक्रमको अनुगमन, मूल्याङ्कन ।

## स्वनियमन कि बाह्य नियमन ?

सदस्य-व्यवसायको रुपमा रहेका सहकारीहरु मूलतः स्वनियमनका संरचना हुन् । स्वयम् व्यवस्थापन, स्वयम् नियन्त्रण र स्वयम् जवाफदेहिता सहकारीका आत्मा हुन् । सहकारी संस्थाहरु आफूले यो व्यवसाय गर्छु, यहाँ-यहाँ व्यवसाय गर्छु भनेर क्रियाकलाप सञ्चालन गर्दछन् । सहकारी संस्था खडा गरी व्यवसाय सञ्चालन गर्ने व्यक्तिहरुले आफै स्वनियम बनाएर यो यो काम यसरी गर्छु भनी दर्ताका समयमा आवेदन गरेका हुन्छन् । संस्था दर्ता गर्ने नियामकले कानून, सिद्धान्त, मूल्य, नीति र मान्य प्रचलन अनुरुप छ कि

छैन भनी हेरिदिने मात्र हो । नमिलेका कुराहरुमा यो यो भएन भनी औंल्याइ दिने र मिलेको रहेछ भने दर्ता गरिदिने हो । यी कुराहरु अनुरुप काम गर्ने स्वयम् वाचा र समर्पण भएपछि त्यसै अनुरुप कार्य सञ्चालन हुन्छ, नियमनको दर्कार नै पर्दैन ।

आफैले बनाएको विनियम र आफैले प्रतिबद्धता गरेको कुरा आफैले परिपालन गर्दैनन् भन्ने कल्पना नगर्दा पनि हुने हो । फेरि सहकारी स्वयमसेवी व्यवसाय भएकाले तिमी संस्था दर्ता गर, व्यवसाय सञ्चालन गर भनी नियामकले भनेको पनि हुँदैन, गर्छु भन्नेलाई मिल्ने काम गर मात्र भनिदिएको हो ।

**स्वनियमनका सूचकाङ्क**

- सभा सञ्चालन प्रक्रिया
- व्यवस्थापनको कार्य प्रक्रिया
- समिति सक्रियता
- सदस्य सहभागिता
- सदस्य सेवा
- सदस्य केन्द्रियता
- ऋण परिचालन तथा फिर्ता प्रक्रिया
- निक्षेप संकलन तथा साधन योजना
- वित्तीय प्रतिवेदन
- स्वयम् लेखाजोखा

(प्रत्येक सूचकलाई निश्चित अङ्कभार दिई संस्थाको स्तर निर्धारण गर्न सकिन्छ)

सहकारी संस्थाभित्र कारोवारलाई मूल्य, आदर्श, सिद्धान्त, कानून र विनियम अनुरुप निर्दिष्ट गराउन तीन तहका आन्तरिक संरचना हुन्छन् । पहिलो, स्वयम् सदस्यहरुको संस्था साधारण सभा हो, जसले बार्षिक विकास कार्यक्रम, आयव्यय, रणनीतिलाई स्वीकृत गर्ने र सो अनुरुप काम भए नभएको निगरानी एवम् कार्यउपलब्धिको समीक्षा गर्ने जिम्मेवारीमा रहन्छ । दोस्रो, सञ्चालक समिति हो, जसले साधारण सभाको प्रत्यायोजित अधिकारमा रहेर व्यवस्थापनका दैनिक क्रियाकलापमालाई संस्थाको उद्देश्य अनुरुप निर्दिष्ट गराउने गर्दछ । तेस्रो, लेखा सुपरिवेक्षण समिति, जसले बार्षिक बजेट कार्यक्रम, लेखा परिक्षण प्रतिवेदन, लागनी तथा असुलीको लगायतका कारोवारको सुपरिवेक्षण गरी संस्थाको वित्तीय स्वास्थ्यलाई बिग्रनबाट रोक्छ । आफू मातहतका सदस्य संस्थाहरुलाई सहकारी मूल्य-आदर्शमा सजग बनाउन र क्षमता विकासका लागि राष्ट्रिय सहकारी महासङ्घ तथा विषयगत केन्द्रीय, प्रादेशिक तथा जिल्ला सङ्घहरु पनि गठन भएका छन् । यी संयन्त्र बाहेक स्वयम् सदस्यहरु पनि विभिन्न क्रियाकलाप मार्फत नियमन गरिरहेका हुन्छन् । यस अर्थमा बाह्य नियमन आवश्यक किन पर्छ भन्ने स्वाभाविक प्रश्न उठ्न सक्छ । समान आकाङ्क्षा र भावनाका मानिसहरु मिलेर खडा गरेको संरचनाले आदर्श, नैतिक र इमान्दार कार्य मात्र गर्दछ भन्ने मान्यता स्वयम् नियमनको हो ।

जब संस्थाहरु स्वनियमनबाट विषयान्तर हुन्छन्, गर्छु भनेको बाचामा समर्पित हुँदैनन्, त्यस अवस्थामा बाह्य नियमन, दोस्रो तहको नियमन वा तहगत नियमनको आवश्यकता पर्दछ। सहकारी ऐन, २०७४ ले सहकारी नियमनका विभिन्न व्यवस्थाहरु घोषणा गरेको छ। आ. व. २०७९/८० को बजेट बक्तव्यमा दोस्रो तहको नियमन संरचना (सेकेन्ड टियर इन्स्टिच्यूशन) चाहिन्छ भन्ने महशुस गरिएको छ।

## सङ्घीय संरचनामा नियमन तथा प्रवर्द्धन

मुलुक सङ्घीय संरचनामा क्रियाशील भएपश्चात् सहकारीको दर्ता, प्रशासन, प्रवर्द्धन तथा नियमनका काम पनि तीनै शासकीय तहमा बाँडिएको छ। एकात्मक शासकीय ढाँचा हुँदा सहकारी विभाग मात्र एकल नियामक भएकोमा अब विभाग लगायत ७५३ पालिका र ७ प्रदेशका सहकारी सम्वद्ध शाखा/इकाइ पनि नियामक निकायका रुपमा स्थापित छन्। यी सवैले सहकारी रजिष्ट्रारले साविकमा प्रयोग गर्दै आएका अधिकारहरु आआफ्ना कार्यक्षेत्रमा प्रयोग गर्दछन्। यसो गर्न यिनीहरु कानूनी रुपमा स्वायत्त छन्। यसको विस्तृत आधार सङ्घीय कानूनले र कार्यविधि लगायतका अन्य कुराहरु तहगत सरकारले बनाएका सहकारी कानूनले दिने गर्दछ।

संविधानले सहकारी क्षेत्रलाई उच्च महत्व दिई राज्यका तीनै तहको कार्यक्षेत्रमा भूमिका विनियोजन गरेको छ भने केही कार्यक्षेत्रलाई तहबीचको साझा अधिकारको सूचीमा पनि समावेश गरेको छ। कामको फैलावट, संबोधन गर्नुपर्ने सेवाग्राहीको अवस्थिति र क्षमताका आधारमा तहहरुको जिम्मेवारी एवं कार्यविभाजन गरिएको छ। अनुसूचीले सङ्घको कार्यक्षेत्रमा सहकारी नियमन, प्रदेश र स्थनीय तहको कार्यक्षेत्रमा सहकारी संस्था र साझा कार्यसूचीमा सहकारी भनी उल्लेख गरेको छ। यसर्थ संविधानले नै मानक, मापदण्ड र मूल्यहरुको घोषणाको काम सङ्घको हो र संस्थाको प्रशासनमा तहगत सरकारको जिम्मेवारी रहन्छ भन्ने व्यवस्था गरेको देखिन्छ। यसले सङ्घको भूमिका अभिभावकीय हुन्छ भन्नेतर्फ पनि सङ्केत गरेको स्पष्ट छ।

संविधानको धारा ५७ र अनुसूची ५ मा उल्लेख भएअनुरुप कार्य विस्तृतीकरणको प्रतिवेदनले सहकारी सम्बन्धमा यी विषयलाई सङ्घको एकल अधिकार क्षेत्रमा राखेको छ :

- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन,
- राष्ट्रिय स्तरमा स्थापना हुने सहकारी बैंकको अनुमति र नियमन,
- सहकारी सम्बन्धी अन्तराष्ट्रिय संघ-संस्थासंग समन्वय र सकहकार्य,
- सहकारी सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन र अध्ययन-अनुसन्धान,
- सहकारी सम्बन्धी राष्ट्रिय र केन्द्रीय विषयगत संघ संस्थासंग सम्बन्ध र सहकार्य,
- अन्तर-प्रादेशिक सहकारी समन्वय,
- सहकारी सम्बन्धी क्षमता अभिबृद्धि,
- सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन,
- बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन।

सङ्घीय सरकारलाई सहकारीको नीति, मापदण्ड, समन्वय र क्षमता विकासमा प्रभावकारी रुपमा परिचालन गर्न खोजिएको छ । यस क्षेत्रमा हालसम्म पनि नगरिएको र गर्नैपर्ने कार्य अनुसन्धान र ज्ञानको आधार निर्माण हो, यसको जिम्मेवारी पनि सङ्घलाई दिइएको छ । तर सामान्य सेवा प्रवाह र प्रशासकीय औपचारिकताबाट सङघलाई अलग राख्न खोजिएको छ ।

त्यस्तै अनुसूची ६ को कार्य विस्तृतीकरण अनुसार प्रदेश सरकारलाई यी अधिकार दिइएको छ :

- सहकारी संस्था सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- प्रादेशिक सहकारी संस्था, सहकारी संघ, सहकारी बैंक सम्बन्धी अनमति, सञ्चालन, र नियमन,
- सहकारी बचत तथा ऋण सम्बन्धी प्रादेशिक मापदण्ड र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत र अन्तर-प्रादेशिक संघ-संस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी प्रादेशिक एवम् स्थानीय तहभित्रका संघ-संस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन-अनुसन्धान,
- सहकारी सम्बन्धी क्षमता अभिवृद्धि,
- सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन ।

प्रदेश तहको अधिकार र कार्यजिम्मेवारी प्रादेशिक तहमा सीमित गरिएको छ जुन सङ्गठन र कार्यविवरणको सिद्धान्तअनुरुप छ । साथै प्रदेश तह सङ्घ तथा स्थानीय तहबीचको सम्पर्क र समन्वयको मध्यस्थ पनि हो भने यसले समतलीय र ठाडो रुपमा सहकार्यको कार्यजिम्मेवारी पनि निर्वाह गर्न सक्दछ ।

अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारक्षेत्रमा स्थानीय तहलाई यी अधिकारक्षेत्र निक्षेपित गरिएका छन् :

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन,
- सहकारी बचत तथा ऋण सम्बन्धी स्थानीय मापदण्ड र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ-संस्थासंग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन-अनुसन्धान
- स्थानीय सहकारी सम्बन्धी क्षमता अभिबृद्धि,
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन,
- सहकारी संस्थाको प्रवर्द्धन र विकास ।

स्थानीय सरकारलाई स्थानीय तह कार्यक्षेत्र भएका सहकारी सम्बन्धी सबैजसो कार्यमूलक अधिकार दिइएको छ । प्रायःजसो प्रारम्भिक संस्थाहरु स्थानीय कार्य आधार भएका हुन्छन् । त्यसैले स्थानीय कार्य आधार भएका सहकारी दर्ता, नियामन, प्रवर्द्धन र प्रशिक्षणजस्ता स्थानीय तहसम्म क्षेत्राधिकार भएका कार्यहरु

स्थानीय तहमा निहित छन् । कार्य विस्तृतीकरणमा उल्लिखित क्रियाकलाप स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ (१) (घ) गाउँपालिका तथा नगरपालिकाको काम कर्त्तव्य र अधिकारमा समावेश गरिएको छ ।

साथै अनुसूची ९ मा सहकारीलाई संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकार उल्लेख गरिएको छ । यी अधिकारहरु प्रयोग गर्दा संविधानको अनुसूची ८ को सर्वमान्यतामा र सहकारीका मान्य सिद्धान्त एवम् संघीय कानूनको भावनामा असर नपर्ने गरी गरिनु पर्दछ । साझा अधिकार क्षेत्रले नीति नियामक भूमिकाको सक्रियता सङ्घको हो भन्ने देखिएको छ ।

सङ्घीय शासन प्रणाली नेपालका लागि नौलो हो, यसमा हाम्रो आफ्नै अनुभव छैन, केवल उत्साह र आकाङ्क्षा मात्र छ । त्यसैले संघीयता कार्यान्वयनका सन्दर्भमा स्थानीय तह तथा प्रदेश सरकारले कार्य गर्दा सहजीकरण होस् भन्ने उद्देश्यले साविक सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह), २०७४ जारी गरी संस्था दर्ता तथा प्रशासनलाई सजिलो बनाइएको छ । जस अनुसार :

- स्थानीय तहबाट कानून नबनेसम्मका लागि स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको दर्ता स्थानीय तहबाट हुन्छ । कानून बनेपछि सोही कानूनको अधीनमा रही स्थानीय तहबाट हुने कुरा स्वतः स्पष्ट छ ।
- सहकारी विभागका रजिष्ट्रारले प्रयोग गरी आएको अधिकार सम्बन्धित स्थानीय तहको कार्यपालिकाले तोकेको अधिकारीले प्रयोग गर्ने ।
- स्थानीय तहमा दर्ता हुने र स्थानीय तहसम्म कार्यक्षेत्र भएका प्रारम्भिक सहकारीको नियम स्थानीय तहबाट हुने ।
- स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका प्रारम्भिक सहकारी संस्थाहरुले सम्बन्धित स्थानीय तहमा सञ्चालन गरेका गतिविधिहरुमा स्थानीय तहकै सरोकार रहने भएकाले त्यस्ता संस्था पनि नियमनको दायरामा पर्ने हुन्छन् ।
- स्थानीय तहले सहकारी नियमन गर्ने सम्बन्धमा दिग्दर्शनले तीन विकल्प अघि सारेको छ : (क) स्थानीय तहले भिन्नै ऐन बनाउने, (ख) मन्त्रालयबाट तर्जुमा भै सन्दर्भका लागि प्रेषित नमूना ऐन पारित गरेर गर्ने र (ग) सहकारी ऐन २०७४ मा भएको व्यवस्था अनुसार गर्ने । दोस्रो विकल्प अनुसार ऐन तर्जुमा गर्दा संघीय सहकारी ऐनको भावनामा आँच नआउने गरी आवश्यक परिमार्जन गर्न समेत सकिन्छ ।
- सहकारी नियमन, प्रवर्द्धन एवम् प्रशिक्षणका कार्यसम्पादनका लागि स्थानीय कार्यपालिकाले कार्यकारी अधिकृतलाई दर्ता अधिकारी तोकी आवश्यक कर्मचारी सहित कार्यालय वा शाखा खडा गर्नुपर्दछ ।
- दर्ता अधिकारीले संस्था दर्ता गर्ने समयमा सहकारीपनको सुनिश्चितता छ छैन, सोको जाँच गर्ने जिम्मेवारी वहन गर्नुपर्दछ ।

- सहकारीपन सुनिश्चिततताका लागि दिग्दर्शनको अनुसची १ र २ अनुसार सहकारी सिद्धान्त सम्मतिको जाँच गर्नुपर्दछ ।
- सहकारी संस्था सहकारी सस्थाजस्तै होस् भन्नका खातिर दर्ता अधिकारीले यी पाँच पूर्वशर्त एक-एक गरी पूरा भएको सुनिश्चित गर्नुपर्दछ :
    - गैर-मध्यस्थ सदस्यताका शर्त
    - सेवा उपयोगको शर्त
    - सदस्य केन्द्रीयताको शर्त
    - नाफामा असहभागिताको शर्त
    - सहभागितामूलक लोकतन्त्रको शर्त ।
- सहकारी सङ्गठन (क) प्राथमिक उत्पादक, (ख) वास्तविक श्रमिक, र (ग) सर्वसाधारण उपभोक्ता तीनथरी आर्थिक प्रवृत्ति भएका वर्गले मात्र स्थापना र सञ्चालन गर्न सक्दछन् । दर्ता अधिकारी यी विषयप्रति पनि चनाखो हुनुपर्दछ ।
- दर्ता गर्दा सहकारी कार्यालयबाट अभिलेख हस्तान्तरण भै आएका संस्थाहरुको त्यही दर्ता कायम गरी पछि हुने दर्ताकै सिलसिलेवार क्रम कायम गर्नुपर्दछ ।
- स्थानीय तहले दर्ताको क्रममा यीमध्ये कुन प्रकृतिको सहकारी संस्था हो सो को एकीन गरी वर्गीकृत गर्नु आवश्यक हुन्छ :
    - उत्पादक संस्था
    - उपभोक्ता संस्था
    - श्रमिक संस्था
    - बहुउद्देश्यीय संस्था
    - वित्तीय संस्था
- दर्ता पछि स्थानीय सरकारको महत्वपूर्ण काम नियमन हो । यसका लागि संस्थाको विस्तृत छानवीन गर्नुपर्दछ, जसबाट संस्थाहरु सहकारीका मान्य सिद्धान्त र कानून अनुसार क्रियाशील गराउन मद्दत पुग्दछ । छानविनको प्रयोजनका लागि दिग्दर्शनको अनुसूची १, २ र ३ (क्रमशः सिद्धान्त सम्मति, विधि सम्मति र सुशासन सम्मतिको जाँच) मा उल्लिखित कुरालाई आधार मान्न सकिन्छ ।
- नियमनका क्रममा सहकारी सिद्धान्त, विधि, सुशासनका पक्षहरुमा विस्तृत रुपमा हेर्न स्थलगत निरीक्षण आवश्यक हुन सक्दछ ।
- प्रारम्भिक/स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाहरो पुनर्गठनको अधिकार स्थानीय सरकारमा छ । कार्यक्रम, कार्यक्षेत्र, कार्यप्रकृतिलाई आधार मानेर संस्थाको पुनर्गठन/एकीकरण वा रुपान्तरण गर्न सकिन्छ ।

- स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्य सहकारीको प्रवर्द्धन हो । यसका लागि (क) सहकारी विचारको सञ्चार, (ख) सहकारी संगठनमा सहजीकरण, (ग) सहकारी सङ्ठनको पुनःसंरचना, (घ) सहकारी व्यवसायमा सहयोग, (ङ) स्थानीय संभावना अनुरुप सहकार्यमा मार्गदर्शन, सहजीकरण र शिक्षा, यसका लागि विशेष नीति र कार्यक्रम सञ्चालन, र (च) प्रशिक्षण, क्षमता विकास र सहकार्य जस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।
- सहकारी संस्था र यसका क्रियाकलापहरुको अभिलेख तथा सूचना व्यवस्थापन (अद्यावधिकीकरण लगायत) गर्नुपर्दछ ।
- सहकारी गतिविधिको अध्ययन र अनुसन्धान गर्नुपर्दछ ।
- अनुभवको आदान प्रदानका लागि विषयगत संघ, सहकारी महासंघ र अन्य सरकारी गैरसरकारी निकायसंग सहकार्यका काम पनि गर्नुपर्दछ ।

प्रदेश सरकारहरु पनि कार्य विस्तृतीकरणको प्रतिवेदन र सङ्घीय सहकारी ऐनका प्रावधान अनुरुप प्रदेश सहकारी कानून बनाएर सहकारीलाई प्रशासन, विकास र नियमन गर्न सक्दछन् । यस कार्यमा सहजीकरण गर्न सहकारी नमूना कानून र दिग्दर्शनको व्यवस्था पनि सङ्घबाट भएको छ । क्षमता विकासका काममा सङ्घले प्रदेश सरकारलाई पनि सहयोग पुर्‍याउँदै आएको छ । अहिले सबैजसो प्रदेश सरकारले सहकारी कानून र नीतिहरु तर्जुमा गरिसकेका छन् ।

नेपालमा गत आ. व. मा ३०,८७९ सहकारी संस्थाहरु अस्तित्वमा रहेका छन् जसमध्ये स्थानीय तहसम्म कार्यक्षेत्र भएका २३७५९ संस्थाहरु छन् भने एक स्थानीय तहभन्दा माथि एक प्रदेशसम्म कार्यक्षेत्र भएका सङ्घ-संस्थाहरू ६००२ छन् । त्यसैगरी एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका १२५ सङ्घ-संस्थाहरू सङ्घको कार्यक्षेत्रमा रहेको देखिन्छ । तर संविधान तथा सघीय कानूनले सङ्घलाई अभिभावकीय भूमिका पनि दिएकाले नियमन अग्रसरतामा सङ्घको जिम्मेवारी धेरै छ ।

## साकोस सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्था

नेपालमा ४० प्रतिशतजति सहकारीहरु ऋण तथा बचत कारोवारमा संलग्न छन् । बहुउद्देश्यीय, कृषि लगायत अन्य प्रयोजनमा दर्ता भएका सहकारीहरु पनि वित्तीय कारोवार गर्न उद्यत छन् । धेरै जोखिम पनि यही कार्यक्षेत्रमा छ । त्यसैले बचत ऋण कारोवार गर्ने सहकारीको नियमन, सुपरिवेक्षणमा विशेष व्यवस्था आवश्यक छ ।

सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ अनुसार कारोबारको को निरीक्षण तथा हिसाव जाँच गर्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाको उद्देश्य सहकारी कारोवारमा सहकारीका मान्य सिद्धान्त र लेखा विधि अवलम्वन गर्न लगाउनु हो । रकम सीमाका आधारमा निरीक्षण तथा हिसाव जाँचको व्यवस्था देहाएअनुसार छ :

- ✓ रु. ५० करोडभन्दा बढीको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको निरीक्षण वा हिसाब जाँच गर्न गराउन नेपाल राष्ट्र बैंकले सक्नेछ ।

- ✓ रु.५ करोडभन्दा बढी बचत दायित्व भएका एक स्थानीय तहभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको निरीक्षण वा हिसाब जाँच स्थानीय तह र प्रदेश सरकारको सहकारी नियामकको संयुक्त टोलीले गर्न सक्नेछ ।
- ✓ रु. २५ करोड भन्दा बढी बचत दायित्व भएका एक स्थानीय तह वा प्रदेश भित्र कार्यक्षेत्र सीमित भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभागको संयुक्त टोलीले गर्न सक्नेछ ।
- ✓ रु. ५० करोड भन्दा बढी बचत दायित्व भएका एक स्थानीय तह वा प्रदेशभित्र कार्यक्षेत्र सीमित भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय, विभाग र नेपाल राष्ट्र बैंकको संयुक्त टोलीले गर्न सक्नेछ ।
- ✓ रु. ५० करोडभन्दा बढी बचत दायित्व भएको कुनै पनि सहकारी संस्थाको सघन अनुगमन गर्न विभागले सक्नेछ ।

## सहकारी नियमन तथा प्रवर्द्धनका केही सवालहरू

सहकारी संस्थाका विषयमा थुप्रै आलोचना पनि सुनिने गरेको छ। सहकारीका सदस्य, सहकारीका नियामक संस्था र अन्य सरोकारवालाहरु मात्र होइन, स्वयम् सहकारी अभियानभित्रबाट पनि सहकारीहरु आलोचित छन् । सहकारीका सदस्य सञ्चालकप्रति आलोचक छन्, सञ्चालकहरु सदस्य र सरकारप्रति आलोचना गरिरहेका छन्, सर्वसाधारण भने सरकारले प्रभावकारी नियमन नगरेर सञ्चालकलाई अनुशासनमा नराखेको, सञ्चालकहरुले जथाभावी सदस्यको रकम चलाएको, संस्थाहरु राजनीतिकृत हुँदै गएको र सदस्यहरुले सञ्चालकलाई नियन्त्रणमा राख्न नसकेकोमा आलोचना गरिरहेका छन्। केहीअघि सञ्चालकहरुले सरकारको विरुद्ध आन्दोलन गरे, सदस्यहरु सदस्यविरुद्ध आन्दोलित भए। हजारौं सदस्यबाट सञ्चालकविरुद्ध नियामक निकाय र प्रहरी प्रशासनमा उजुरी पनि पर्न गएको छ । आफ्नै सञ्चालकबाट स्वयम् सदस्य ठगिनु सहकारीको आधार-मूल्य विपरीतको कुरा हो। शहर बजारका र वित्तीय कारोवार गर्ने संस्थाहरु वेथितिमा छन्। पटक-पटक नेतृत्व लिइरहेका सञ्चालकहरु नै वेथितिका कारण बनेका छन्। सरकारले सहकारीभित्र हुर्किंदै गएको बेथिति नियन्त्रणका लागि सुझाव दिन राष्ट्रिय योजना आयेगका सदस्यको संयोजकत्वमा कार्यदल पनि गठन गऱ्यो। यसको अर्थ सहकारीका सिद्धान्त र कानूनी प्रावधानहरु पूरा भएनन् भन्ने हो, सदस्य र समाजको अपेक्षा पूरा भएनन् भन्ने हो। यसो हुनुका पछाडि नियमन प्रभावकारिता नहुनु हो भन्न सकिन्छ। यसर्थ सहकारीको नियमन तथा प्रवर्द्धनमा केही सवालहरु छन्, जसलाई संवोधन गरेर नै सहकारीलाई मूल्य-आचरणमा प्रभावकारी बनाउन सकिन्छ ।

नियामक निकायहरु नियमन तथा प्रवर्द्धनका कार्यमा गहन नभै सतही छन् । सहकारीको कार्यक्षेत्र विभाजनपछि विभाग आफै अल्मलिएको छ। नीति नियामक भूमिकामा रहनका लागि चाहिने बोधगम्यता, क्षमता, अनुभव र सूचना आधार कमजोर छ।

सहकारीलाई नियमन/प्रवर्द्धनको पृष्ठपोषणका लागि जीवन्त सूचना प्रवाह गर्न स्थापित प्रणाली कोपोमिस २०७४ मा नै पूर्णता पाउने क्रममा रहेको थियो। अहिले यो छिन्नभिन्न भएको छ। यसमा स्वामित्व

कसले लिने भन्ने नै समस्या छ । सूचनाको जीवन्त आधार नभएकाले रिएल टायममा सहकारी सम्बन्धी जानकारी मात्र प्राप्त नहुने होइन कि मुलुकमा कति सहकारी छन्, कोष प्रवाहको स्थिति कस्तो छ, कुन संस्था सवल छ र कुनचाँहि जोखिमतिर जाँदैछ भन्न सकिने आधार पनि गुमेको छ । पूर्ण हुन लागेको प्रणाली क्षतविक्षत हुनु निकै दुखद कुरा हो ।

सहकारी विभागको सवल क्षमतामा मात्र प्रदेश तथा स्थानीय तहमा क्षमता विकास र प्रणाली निर्माण गर्न सकिन्छ । स्थानीय तथा प्रदेश तहमा प्रणाली निर्माण सहितको क्षमता विकास नभएकाले नियमन र प्रवर्द्धनको काम हुन सकेको छैन । त्यति मात्र होइन, तहहरुबीच नियमन तथा प्रर्वद्धनमा साझा बुझाइ पनि विकास भैसकेको देखिदैन ।

नियामक निकायको कमजोरीको फाइदा उठाई केही सहकारीकर्मीले सहकारिताको भावना, सिद्धान्त र कानूनबाट विषयान्तर भै संस्थालाई केही व्यक्तिको स्वार्थपूर्तिमा लाने प्रवृत्ति पनि देखिएको छ । आफनै संस्थाबाट सदस्यहरु ठगिएका छन् । यसले आउने दिनमा सहकारी आन्दोलनलाई राइट ट्रयाकिङ्मा लैजान नै समस्या पर्ने स्थिति छ ।

सहकारीको नियमनका लागि विषयगत संघ तथा महासङ्घहरुसँग सहकार्य गर्न सकिन्छ । तर सहकारी अभियान र नियामक निकायबीच कतिपय कुरामा समान बुझाइ कायम गर्नुपर्ने अवस्था पनि देखिएको छ ।

क्षमता अभाव एवम् न्यून प्राथमिकताका कारण स्थानीय स्तरमा सहकारी शिक्षा, सञ्चार र प्रशिक्षणका कामहरु हुन सकेका छैनन् । सङ्घबाट हुने गरेको यससम्बन्धी काम पनि हुन सकेको छैन ।

गत दुई बर्षदेखि मुलुकले व्यवहोरिरहेको कोरोना महामारीको मारबाट पनि सहकारी क्षेत्र वेस्सरी प्रभावित छ । यही समयमा सदस्यहरुमा सेवाको अधिक अपेक्षा छ तर तरलता अभाव र अन्य जोखिमका कारण सहकारीहरु खुम्चिएका छन् । ऐनले स्थापित गरेका संरचनाहरु क्रियाशील बनाउन विभाग तथा मन्त्रालयको जागरुकता देखिएको छैन ।

सहकारी एकल नभै अन्तर-सम्बन्धित विषय हो । यसको कार्यप्रकृति विस्तृत छ र विभिन्न विषयगत कार्यबाट यसले आर्थिक गतिविधिलाई जनस्तरबाट नै गतिशील बनाउने उर्जा दिनसक्छ । तर विषयगत मन्त्रालयहरु एकीकृत सोचभन्दा एकल सोचमा रहने प्रवृत्तिका कारण यस क्षेत्रको जोखिम विद्यमान छ ।

निर्वाचित स्थानीय तहहरुले बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा कम प्राथमिकता दिइएको छ । स्थानीय कार्यपालिका र प्रदेश तहमा सहकारी विषयगत शाखा/प्रशाखा तोक्ने र त्यहा संलग्न जनशक्तिको क्षमता विकास गर्ने कामलाई प्राथमिकतामा पुऱ्याउने समस्या छ ।

त्यस्तै स्थानीय सहकारीमार्फत प्रवाह गर्न सकिने सेवामा सरकारी संरचनाभित्र र बाहिरबाट गरिदै आएका कामलाई सहकारी सञ्जालभित्र कसरी ल्याउने भन्ने अर्को समस्या छ ।

स्थानीय सरकार गठन भएको चौथो बर्ष भएपनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (१) (घ) अनुसारका सहकारी सम्बन्धी नीति, कानून तथा बार्षिक योजना तर्जुमाको कार्यमा सहजीकरण भएको छैन । प्रदेश तहमा यो स्थिति झनै कमजोर छ ।

कतिपय स्थानीय तहहरु सहकारीलाई बैंक वा नाफा व्यवसायको रुपमा व्यवहार गरिरहेका छन् । सहकारीलाई करका दायरामा ल्याएका त छन् तर नियमन र प्रवर्द्धनमा ध्यान दिएका छैनन् ।

लामो समयदेखिको आर्थिक तथा राजनैतिक संक्रमणको प्रभाव सहकारी क्षेत्रमा पनि छ । सहकारीहरुमा राजनैतिक प्रभाव देखिन थालेको छ । परिणामतः सहकारी क्षेत्रको सहुलियत, सेवा र सुविधाहरुको असमान वितरण भएको छ ।

सहकारी ऐन, २०७४ ले सहकारी प्रवर्द्धनका लागि कर लगायत सुविधा र छुटको व्यवस्था गरेको छ । सहकारी तथा गरिबी निवारण मन्त्रालयको सिफारिसपछि ऐनले व्यवस्था गरेका सुविधा नेपाल सरकारले उपलव्ध गराउने कानूनी प्रावधान छ । तर कर छुटको सन्दर्भमा आर्थिक ऐनमा समावेश नभएको सहुलियत कसरी उपलव्ध गराउने भन्ने द्विविधा छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सहकारी ऐन, २०७४ का प्रावधानबीच समन्वय देखिएको छैन । अन्य क्षेत्रगत कानूनमा समेत सहकारी ऐनका भावनासंग मेल नखाने प्रावधान रहेका छन् ।

## उपसंहार

नेपालको अर्थतन्त्रको वित्तीय संरचनामा सहकारीको हिस्सा ठूलो छ । सहकारी संस्थाहरु सुशासित हुन नसक्दा वित्तीय सङ्कटका कारक बन्न सक्दछन् । सहकारी नियमन तथा प्रवर्द्धनका सम्बन्धमा रहेका समस्याहरु संबोधन नगरी संविधानले सहकारी क्षेत्रबाट राखेको अपेक्षा पूरा हुन सक्दैन । नियमन तथा प्रवर्द्धनमा आक्रामक हुनुपर्ने निकायहरु नै अहिले सङ्क्रमणमा छन् । साझा बुझाइ, क्षमता विकास, जीवन्त सूचना प्रणालीको निर्माण र सहकार्य अहिलेको आवश्यकता हो । यसका लागि सङ्घीय मन्त्रालयको नीति, नेतृत्व र सहकारी विभागको नियामक नेतृत्व पूर्वशर्त हुन् । सहकारी अभियानले यी दुवै काममा निरन्तर घचघच्याइ रहनुपर्दछ ।

## सन्दर्भ–सामग्री


१ नेपालको संविधान, २०७२

२ कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३

३ सहकारी सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७४

४ सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह), २०७४

५ स्थानीय तहको निमित्त नमूना सहकारी ऐन, २०७४

६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

७ सहकारी नियमावली, २०७५

८ लेखकद्वारा नेफ्स्कूनमा आयोजित महिला सहकारीकर्मीहरुको भेलामा प्रस्तुत कार्यपत्र, २०७५

९ लेखकद्वारा सहकारी महासम्मेलन, २०७५, दोस्रो (२०७६) तथा चौथो (२०७९) साकोस समिट, मोरङ बचत सङ्घद्वारा आयोजित दोस्रो साकोस भेला, २०७९ मा प्रस्तुत कार्यपत्र,

१० लेखकद्वारा राष्ट्रिय सहकारी दिवस, २०७७ र २०७८ मा प्रस्तुत कार्यपत्र ।


****